# बर्दघाट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### बर्दघाट, नवलपरासी
### लुम्बिनी प्रदेश, नेपाल

बर्दघाट नगरपालिका नगर कार्यपालिकाको कार्यालय बर्दघाट, नवलपरासी ५ नं. प्रदेश नेपाल

प. सँः ०७७।७८

च.न १८८१

**आ.व. ०७७/७८ को लागि बर्दघाट नगरपालिकाको क्षेत्र भित्रको नदिजन्य पदार्थ (ढुँगा, गिटी, वालुवा आदी) उत्खनन् तथा विक्रि सम्बन्धी विद्युतिय वोलपत्र आह्वान सम्बन्धी सूचना**

**प्रथम पटक सूचना प्रकाशित मितिः २०७७/१०/२८**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ (क), नेपाल सरकार संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी भएको ढुँगा, गिटी, वालुवा उत्खनन्, बिक्रि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ दफा (४) को उपदफा (५) तथा बर्दघाट नगरपालिकाको आर्थिक ऐन, २०७७ बमोजिम यस बर्दघाट नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने तपसिलमा उल्लेखित खोलाको तोकिएको दररेटमा ठेक्का वन्दोवस्त गर्नु पर्ने भएकोले ठेक्का लिन इच्छुक कम्पनी वा फर्मले सूचनामा उल्लेख भएवमोजिम दस्तुर, निवेदन, आ.व. ०७७/७८ को लागि नविकरण भएको फर्मको फर्म वा कम्पनीको इजाजत पत्र , आय कर दर्ता प्रमाण पत्र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ.व. ०७६/७७ सम्मको आयकर कर चुक्ताको प्रमाण संलग्न राखी www.bolpatra.gov.np/egp मार्फत विद्युतिय वोलपत्र (E- Bidding) पेश गर्नको लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

*तपशिल*

| *आय ठेक्का नं.* | *खोलाको नाम* | *सँकलन/उत्खनन् गर्नुपर्ने अनुमानित परिमाण घन फिटमा* | *विक्रि दर ( मु.अ.क.वाहेक* | *न्यूनतम अंक भ्याट वाहेक रु.* | *धरौटी रकम* | *बोलपत्र दस्तुर रु.* |
|---|---|---|---|---|---|---|
| १०/०७७/०७८ | खजुरा खोला बर्दघाट न.पा. | ५,५९,३६३.९० ( क्यू.फुट) | रु ८.०० | ४४,७४,९११.२७ | भ्याट समेतको कवोल रकमको ५ प्रतिशत | ३००० |

**शर्तहरु:**

१. ठेक्का अवधि सम्झौता मिति देखी २०७८ साल जेष्ठ मसान्त सम्म कायम रहने छ ।

२) कार्यालयबाट प्रमाणित भएको वोलपत्र फाराम www.bolpatra.gov.np/egp बाट Download गरी तोकिएको दस्तुर रु ३००० रकम एन.आई.सी एसिया बर्दघाट शाखामा रहेको राजश्व खाता ०८३२०५००२८२११००२ खातामा जम्मा गरेको भौचर बोलपत्र साथ पेश गर्नु पर्नेछ । खरीद भएका बोलपत्रको पानामा सही छाप, फर्मको नाम, ठेगाना र ठेक्काको नाम, कवोल अँक इत्यादी विवरण भरी मिति ०७७/११/२६ गते कार्यालय समय भित्र Download गरी मिति ०७७/१२/१ गते १२:०० वजे सम्म UpLoad गर्न सकिने छ ।

३) पेश भएका टेण्डरहरु मिति ०७७/१२/१ गते दिनको १:०० वजे ठेकेदार आफै वा ठेकेदारको प्रतिनिधीको रोहवरमा खोलीनेछ । सो सयमा ठेकेदार आफै वा ठेकेदारको प्रतिनिधिको उपस्थिति नभए पनि कार्यालयका प्रतिनिधीहरुको रोहवरमा टेण्डर खोल्न वाधा पर्नेछैन ।

४) टेण्डर फारम पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा क्रमशः सो को भोली पल्ट कार्यालय खुलेको दिन मान्य हुनेछ ।

५) पेश भएको बोलपत्रमा निर्माण व्यावसायीको अनिवार्य सहि छाप गरी पेश गर्नु पर्नेछ ।

६) बोलपत्रमा कवुल रकम अंक र अक्षरमा स्पष्टसंग लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ ।

७) धरौटी वापत कवोल अंकको (VAT समेतको) ५% ले हुने रकम एन.आई.सी एसिया बर्दघाट शाखामा रहेको .हि.नं. ८३४१४९८४८२५२४००४ खातामा जम्मा गरेको भौचर समेत WWW.bolpatra.gov.np/egp मा वोलपत्रदाताको सहि छाप भएको वोलपत्र फाराम साथ पेश गर्नु पर्नेछ । कार्यालयको छाप नभएको र कार्यालयबाट प्रमाणित नभएको वोलपत्र फारामलाई मान्यता दिइने छैन ।

**प्रमुख प्रशासकीय अधिकृत**

८) ठेक्का लिए वापत ठेकेदारले नेपाल सरकार र अन्य निकायलाई बुझाउनु पर्ने सम्पूर्ण कर आफैले बुझाउनु पर्नेछ । उक्त करहरु किस्ता संगै अग्रिम बुझाउनु पर्नेछ ठेक्का रकम बाट घटाउन पाइनेछैन ।

९) टेण्डर स्वीकृत भएको सूचना पाएको मितिले सात दिन भित्र कवोल अंकको १.५% अग्रिम आयकर तथा १३% मूल्य अभिवृद्धि कर (VAT) सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा बुझाउनु पर्नेछ । स्वीकृत ठेक्काको हकमा सम्झौता गर्दाको बखतमा ५०% रकम (नगदै) प्रथम किस्ता र बाँकी रकमको हकमा मान्यता प्राप्त क वर्गको बाणीज्य बैंकको २०७८ आषाढ मसान्त सम्मको वैंक ग्यारेण्टी पेश गर्नु पर्नेछ । बाँकी ५०% रकम वढीमा दुई किस्तामा बुझाउनु पर्नेछ, तेश्रो किस्ता वुझाउनु पर्ने अन्तिम म्याद २०७८ वैशाख मसान्त सम्म रहनेछ, अन्यथा वैंक जमानतबाट असुल उपर गरिनेछ ।

१०) ठेकेदारले नदिजन्य पदार्थ उत्खनन् तथा विक्रि गर्दा प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) प्रतिवेदनमा उल्लेख गरिएको परिमाण भन्दा वढी नहुने गरि उत्खनन् क्षेत्र ३: २७°३१'.२२.६०"N ८३°४८'५१.१०"E , उत्खनन् क्षेत्र ४: २७°३१'५.२६.४५"N ८३°४९'३.७२"E , बाट प्रतिवेदनमा वार्षिक उत्खनन् गर्न सिफारिस गरिएको परिमाण जम्मा ५,५९,३६३.९० (क्यू.फुट) भन्दा वढी नहुने गरी उत्खनन् गर्नुपर्नेछ । उत्खनन/सँकलन गरेको नदिजन्य पदार्थहरु नदिकिनारामा घाटगद्दि गर्न पाइने छैन, तोकिएबमोजिमको घाटगद्दिको व्यवस्था वोलपत्रदाता आफैले गर्नुपर्नेछ यसको लागि तोकिएबमोजिम भन्दा वढी दररेट लिन पाइनेछैन ।

११) नेपाल सरकार, प्रदेश सरकार र बर्दघाट नगरपालिकाले समय-समयमा जारी गरेको नीति, निर्देशन तथा आदेशको पालना गर्नु ठेकेदारको कर्तव्य हुनेछ ।

१२) कुनै कारण जनाई वा नजनाई ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बर्दघाट नगरपालिकामा सुरक्षित रहने छ । साथै रीत नपुगी वा म्याद नाघी आएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

१३) ठेक्का कवोल गर्ने ठेकेदारले बर्दघाट नगरपालिकाले तोकेको कर उठाउदा प्रयोग गर्ने रसीदहरु ठेकेदारले आफ्नो तर्फबाट छपाई ती रसीदहरु यस कार्यालयबाट प्रमाणित गराई मात्र प्रयोग गर्नु पर्नेछ । प्रमाणीत नगरेको रसीदबाट कर उठाएको उजुरी वा जानकारी आएमा नियमानुसार कारवाही गरिनेछ ।

१४) ठेकेदारले उठाउने कर, शुल्क कार्यालयद्धारा तोकिएको संकलन केन्द्रमा नै उठाउनु पर्नेछ । राष्ट्रिय राजमार्ग तथा सहायक राजमार्गमा ढाट (तगारो) राखी कर उठाउन पाईने छैन । साथै दररेट सहितको साइनवोर्ड सबैले देख्ने गरी सम्बन्धित केन्द्रमै राख्नु पर्नेछ ।

१५) ठेक्कामा कुनै विवाद भएमा बर्दघाट नगरपालिकाको निर्णय अन्तिम हुनेछ ।

१६) यस सूचनामा नपरेका कुराहरु प्रचलित ऐन, नियम र कानून अनुसार हुनेछ ।

१७) प्रचलित ऐन, नियम, कानून, सम्झौता र सूचनाको शर्तहरु विपरित कार्य गरेमा जुन सुकै अवस्थामा पनि कार्यालयले ठेक्का तोड्न सक्ने छ र त्यसबाट कार्यालयलाई हुने हानी नोक्सानी ठेकेदारबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

१८) नगरपालिकालाई बुझाउनु पर्ने बाँकी बक्यौता भएका व्यक्ति तथा फर्महरुको बोलपत्र स्वीकृत हुनेछैन ।

१९) बोलपत्र सम्बन्धि विस्तृत विवरणको लागि कार्यालयको वेव साइट www.bardghatmun.gov.np/ www.bolpatra.gov.np/ मा तथा कार्यालय समय भित्र कार्यालयको फोन नं. ०७८-५८०४०७ मा सम्पर्क गर्न सकिने छ ।

बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
५ नं. प्रदेश
नेपाल

बर्दघाट नगरपालिका
**प्रमुख प्रशासकीय अधिकृ**

बर्दघाट नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बर्दघाट, नवलपरासी

ठेक्का

टेण्डर

## बर्दघाट न.पा.को आय ठेक्काको विद्युतिय बोलपत्र फाराम

प्रथमपटक सूचनाप्रकाशितमिति: २०७७।०१।२८ गते

| सि.नं. | विवरण | कबोल अंक (भ्याट तथा अग्रीम आय कर वाहेक) | | | धरौटी | कैफियत |
|---|---|---|---|---|---|---|
| | | न्यूनतमअंक रु. | अंकमा | अक्षरमा | | |
| १ | खजुरा खोला बाट निकासी हुने ढुङ्गा, गिट्टी तथा बालुवा | ४४,७४,५११।८७ | | | | |

लिनपाउने दररेट:प्रतिघनफिट रु. ८।०० का दरले

टेण्डर पेश गर्ने फर्मको :–

सहि/छाप :–

नाम, थर :–

ठेगाना :–

सम्पर्क नं :-

**नोट**:

क) तोकिएको स्थल भन्दा अन्यत्रबाट नदीजन्यपदार्थ संकलन तथा उत्खनन् गर्न पाइने छैन ।

ख) टेण्डर स्वीकृत भएको सूचना पाएको मितिले सात दिन भित्र कबोल अंकको १.५ प्रतिशत अग्रिम आयकर, ५० प्रतिशतप्रथमकिस्तावापतको नगद रकमदाखिला र बाँकी रकमको बैंक ग्यारेन्टी पेश गरी सम्झौता पश्चात मात्र चलनपूर्जि दिइने छ अन्यथा धरौटी जफत हुनेछ ।


ग) दररेट पेश गर्दा संकलन स्थलको यर्थाथ बुझि पेश गरेको भन्ने बुझिनेछ ।

घ) कुनै पनि बहाना वा कारणले किस्ता रकम मिन्हा हुने छैन ।

प्रमुख प्रशासकीय अधिकृत




तस्विर १ : गुगल नक्सा ( खजुरा खोला उत्खनन् क्षेत्र)




Topo map showing extraction sites

तस्विर २ : टोपो नक्सा ( खजुरा खोला उत्खनन् क्षेत्र)

अनुसूची-६

(दफा ९ सँग सम्बन्धित)

प्राकृतिक स्रोत शुल्क

| सि.नं. | विवरण | इकाई | दर | |
|---|---|---|---|---|
| | | | तराईका जिल्लाहरु | पहाडका जिल्लाहरु |
| १. | ढुंगा, गिट्टी, बालुवा | प्रति क्यूब फिट | रु.८।- | रु.५।- |
| २. | माटो | प्रति क्यूब फिट | रु.३।- | रु.१।- |
| ३. | दहत्तर बहत्तर | प्रति के.जी. | रु.२।- | रु.१।- |

यस अनुसूचीमा जुनसुकै कुरा लेखिएको भएतापनि तराईका जिल्लाका स्थानीय तहसँग सिमाना जोडिएका भू-भागबाट पहाडी जिल्लाका स्थानीय तहले प्राकृतिक स्रोतको बिक्रि गर्दा तराईका जिल्लाको लागि तोकिएको दररेटका आधारमा गर्नुपर्नेछ ।

प्रदेश सभाको संवत् २०७७ साल असार १६ गते बसेको बैठकले नेपालको संविधानको धारा १९९ बमोजिम पारित गरेको यो विधेयक अर्थ विधेयक हो भनी संविधानको धारा २०१ को उपधारा (१) बमोजिम प्रमाणित गर्दछु ।

पूर्ण बहादुर घर्ती

सभामुख

प्रदेश सभा

प्रदेश सभाका सभामुखबाट प्रमाणित यो विधेयक नेपालको संविधानको धारा २०१ को उपधारा (३) बमोजिम प्रमाणीकरण गर्दछु।

प्रदेश प्रमुख

मिति:-२०७ ६/४/१